# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।१२।०३ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

श्री राम्चे आधारभूत विद्यालय मराङ, माग्दीका शिक्षक छोटेलाल ठाकुरले मध्यमा परीक्षाको नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी कार्य गरिरहेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले भारत स्थित श्री मोतिउर्रहमान संस्कृत प्राथमिक सह-माध्यमिक विद्यालयबाट मध्यमा तह पास गरेको झुठ्ठा एवं नक्कली प्रमाण-पत्र पेश गरी अस्थायी प्रा.वि. शिक्षक पदमा नियुक्ति पाई राष्ट्रसेवकको ओहदामा रही सरकारी लाभ तथा सुविधासमेत आर्जन गरेकाले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको पुष्टि हुन आएको हुँदा निज छोटेलाल ठाकुरलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला